20 July 2024

National News

<u>मुख्य समाचार</u>

- बंगलादेशमा हिंसात्मक प्रदर्शनका कारण एक हजार भारतीय विद्यार्थी स्वदेश फर्किए
- प्रधानमन्त्री श्री मोदी अनि न्युजिल्याण्डका प्रधानमन्त्री श्री लक्सनमाझ विभिन्न द्विपक्षीय विषयमा बातचीत
- देशका सबै विमानस्थलमा नियमित उडान सामान्य बन्दै
- भारत र भोटान विभिन्न 61 परियोजनामा मिलेर काम गर्न सहमत
- सशस्त्र बलबाट पेरिस ओलम्पिकमा २४ खेलाडी सहभागी बन्दै
- महिला एशिया कप T20 क्रिकेट टूर्नामेन्टमा थाईल्यान्डले मलेशियालाई पराजित गऱ्यो

<u>बंगलादेश - भारतीय नागरिकहरूको वापसी</u>

बंगलादेशमा जारी हिंसात्मक प्रदर्शनका कारण लगभग एक हजार भारतीय विद्यार्थी स्वदेश फर्किएका छन्। विभिन्न भूमि बन्दरगाह हुँदै ७ सय ७८ भारतीय विद्यार्थी स्वदेश फर्किएको विदेश मन्त्रालयले जनाएको छ । यसबाहेक ढाका र चटगाउँ विमानस्थलबाट नियमित उडानमार्फत लगभग दुई सय विद्यार्थी भारत फर्किएका छन्। ढाकास्थित भारतीय उच्चायोग र चटगाउँ, राजशाही, सिलहट र खुल्नाका सहायक उच्चायोगले भारतीय नागरिकलाई स्वदेश फर्कन सहयोग गरिरहेको मन्त्रालयले जनाएको छ। उच्चायोग र सहायक उच्चायोगले स्थानीय निकायसँगको समन्वयमा भारत–बंगलादेश अन्तर्राष्ट्रिय सीमा नाकाबाट आवतजावतमा सहजीकरण गर्दै आएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले नागरिक उड्डयन, अध्यागमन, बन्दरगाह र सीमा सुरक्षा बलका अधिकारीहरूसँग पनि भारतीय नागरिकहरूको निर्बाध स्वदेश फिर्ता सुनिश्चित गर्न समन्वय गरिरहेको छ।
ढाकामा भारतीय उच्चायोग अनि सहायक उच्चायोगले बांग्लादेशका विभिन्न विश्वविद्यालयहरूमा रहेका चार हजारभन्दा धेरै विद्यार्थीहरुसित सम्पर्क गरिरहेका छन्। भारतीय उच्चायोगले भनेको छ, नेपाल अनि भोटानका विद्यार्थीहरूलाई पनि भारतमा प्रवेश गर्नमा सहायता गरिँदैछ।
उच्चायोग र सहायक उच्चायोगहरूले भारतीय नागरिक र विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न बंगलादेशी अधिकारीहरूसँग नियमित सम्पर्क गरिरहेका छन्। बन्दरगाह हुँदै स्वदेश फर्किने क्रममा आवश्यकताअनुसार सडकबाट समेत आवतजावत गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।
बंगलादेशमा आरक्षणको विरोधमा प्रदर्शन भइरहेको छ। प्रदर्शनका क्रममा प्रदर्शनकारी र सुरक्षा बलबीच झडपहरू भइरहेका छन्। यी झडपमा लगभग एक सय चार जनाको मृत्यु भएको छ भने अढाई हजारभन्दा धेरै घाइते भएका छन् ।

## मोदी-न्युजिल्याण्ड प्रधानमन्त्री

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज न्युजिल्याण्डका प्रधानमन्त्री श्री क्रिस्टोफर लक्सनसँग टेलिफोनमा कुराकानी गर्नुभयो। वार्ताका क्रममा दुवै नेताले आगामी वर्षहरूमा द्विपक्षीय सहयोगलाई नयाँ उचाइमा पु-याउने दृढ प्रतिबद्धता दोहो-याउनु भएको छ । दुवै पक्ष विभिन्न क्षेत्रमा पारस्परिक लाभकारी द्विपक्षीय सहयोगलाई अगाडि बढाउन सहमत भएका छन् । यसमा व्यापार र आर्थिक सहयोग, पशुपालन, औषधि, शिक्षा र अन्तरिक्ष लगायतका क्षेत्र पर्दछन्। प्रधानमन्त्री श्री मोदीले न्युजिल्याण्डमा रहेका भारतीय प्रवासीहरूको हितको ख्याल गरेकोमा श्री लक्सनलाई धन्यवाद दिनुभयो। श्री लाक्सनले उनीहरूको सुरक्षा र कल्याणको लागि निरन्तर प्रयासहरू गर्ने आश्वासन पनि दिनुभयो।

## सर्वदलीय बैठक

सरकारले संसदको बजेट सत्र अघि भोलि सर्वदलीय बैठक बोलाएको छ। बैठकमा सरकारले संसदका दुवै सदनको सुचारू सञ्चालनका लागि सबै विपक्षी दलसित सहयोगका लागि अनुरोध गर्नेछ।

संसदको बजेट सत्र सोमबारदेखि सुरु हुनेछ। बजेट सत्र अगस्त महिनाको १२ तारिकसम्म चल्नेछ । मंगलबार वित्तमन्त्री श्रीमती निर्मला सितारमणले आम बजेट प्रस्तुत गर्नुहुनेछ।

नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको यो पहिलो बजेट हो ।

गत महिना संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले यो बजेट सरकारको दूरगामी नीति र भविष्यवादी दृष्टिकोणको प्रभावकारी दस्तावेज हुने बताउनु भएको थियो।

## दिल्ली-सीबीआई

केन्द्रीय अनुसन्धान ब्यूरो–सीबीआईले दुईवटा छुट्टाछुट्टै घटनामा घुस लिँदै गर्दा दिल्ली पुलिसका तीन कर्मचारीलाई रंगेहात पक्राउ गरेको छ। पक्राउ पर्नेमा एक पुलिस सहायक निरीक्षक र दुई जना हेड कन्सटेबल रहेका छन् ।

## नागरिक उड्डयन मन्त्रालय

देशका सबै विमानस्थलमा नियमित उडान प्रक्रिया सामान्य बन्दै गएको नागरिक उड्डयन मन्त्रालयले जानकारी दिएको छ । माइक्रोसफ्टको अपरेटिङ सिस्टममा गडबडीका कारण हिजो उडान प्रभावित भएका थिए । सरकारले हवाई उडानको निरन्तर अनुगमन गरिरहेको छ ।

विश्वभर वायु र स्वास्थ्य सेवाहरू बिस्तारै ट्र्याकमा फर्कन थालेका छन्। हिजो माइक्रोसफ्टको अपरेटिङ सिस्टममा गडबडीका कारण विश्वभरि लाखौं मानिसहरू प्रभावित भएका थिए। अमेरिकी साइबर सेक्युरिटी कम्पनी क्राउड स्ट्राइकले सफ्टवेयर अपडेट गरेको थियो र त्यसमा त्रुटि भेटिएपछि माइक्रोसफ्टको अपरेटिङ सिस्टम प्रभावित भएको थियो । यसले विश्वभरका बैंकिङ सेवा, अस्पताल र हवाई सञ्चालनमा गम्भीर असर पारेको थियो ।

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णवले सरकार माइक्रोसफ्ट र यसका साझेदारहरूसँग सम्पर्कमा रहेको बताउनु भएको छ ।

## FOREIGN SEC - BHUTAN

विदेश सचिव श्री विक्रम मिस्री अनि भोटानकी विदेश सचिव सुश्री ओङ पेमा छोडेनको सह अध्यक्षतामा आज भोटानको राजधानी थिम्मपुमा तेस्रो भारत भोटान विकास सहयोग वार्ता सम्पन्न भयो।
विदेश मन्त्रालय अनुसार दुबै पक्षले विभिन्न क्षेत्रहरूमा 40 हजार 958 करोड रुपियाँका विभिन्न 61 परियोजनाहरू स्वीकृत गरेका छन्। यी परियोजनाहरू पूर्वाधार, ऊर्जा, कौशल विकास, शिक्षा, स्वास्थ्य, सांस्कृतिक सम्पदा, क्षमता निर्माण, खेलकुद, युवा गतिविधिको आदानप्रदान, डिजिटल अर्थतन्त्र र अन्तरिक्ष प्रविधिसँग सम्बन्धित छन्। यसका साथै भारत र भोटानबीच विकास साझेदारी, ऊर्जा, व्यापार र लगानीलगायत द्विपक्षीय सहयोगका सबै पक्षमा व्यापक छलफल भएको छ ।
यसै वर्षको मार्च महिनामा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोटान भ्रमणको क्रममा, भोटानको १३औं पञ्चवर्षीय योजना अवधिको लागि १० हजार करोड रूपियाँको विकास सहायताको घोषणा गर्नुभएको थियो। विदेश सचिव विक्रम मिश्री हिजोदेखि भोटानको दुई दिने औपचारिक भ्रमणमा हुनुहुन्छ।

## ओडिशा-कृषिविद निधन

प्रसिद्ध कृषिविद् तथा पद्मश्री पुरस्कारले सम्मानित सुश्री कमला पुजारीको ७४ वर्ष उमेरमा आज बिहान ओडिशाको कटकमा हृदयघातका कारण निधन भयो । जैविक खेती र स्वदेशी जातका धानको संरक्षणमा विशेष योगदान पुऱ्याउनु हुने सुश्री पुजारीले एक सयभन्दा बढी जातका धानका साथै बेसार र जिराका धेरै जातको संरक्षणमा योगदान पुऱ्याउनु भएको थियो। उहाँले खाली खुट्टा गाउँ–गाउँमा गएर कृषकलाई विशेषगरी महिलालाई जैविक खेती र जैविक मलको प्रयोगबारे जानकारी गराउनुहुन्थ्यो ।
प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुश्री कमला पुजारीको निधनमा गहिरो शोक व्यक्त गर्नुभएको छ। श्री मोदीले भन्नुभएको छ, सुश्री पुजारीले कृषिमा महत्त्वपूर्ण योगदान दिनु भएको छ, विशेष गरी जैविक खेती अभ्यासलाई प्रोत्साहन गर्नका साथै स्वदेशी बीउबिजनहरूको संरक्षणमा उहाँको योगदान स्तुत्य रहेको छ।

## सशस्त्र बल कर्मी -ओलम्पिक

पेरिस ओलम्पिकमा भारतका ११७ जना खेलाडीले सहभागिता जनाइरहेका छन् । जसमध्ये २४ खेलाडी सशस्त्र बलबाट रहेका छन् । यी खेलाडीमा जेभलिङ थ्रो प्रतियोगितामा भाग लिएका सुभेदार नीरज चोपडासहित २२ पुरुष र दुई महिला खेलाडी छन् । रक्षा मन्त्रालयले ओलम्पिकमा पहिलो पटक भारतीय सेनाका दुई महिला सहभागी हुन लागेको जनाएको छ । पेरिस ओलम्पिक २६ जुलाईदेखि शुरु हुँदैछ ।

नीरज चोपडाले गएको टोकियो ओलम्पिकमा स्वर्ण पदक जितेका थिए र यसपटक पनि आफ्नो झण्डा फहराउने प्रयास गर्नेछन् । रक्षा मन्त्रालयले सन् २०२२ को राष्ट्रमण्डल खेलकुदमा कास्य पदक जित्ने **हवलदार जसमिगन लाम्बोरिया** र २०२३ को एसियाली रेसलिङ च्याम्पियनसिपमा कास्य पदक जितेकी **ऋतिका हुड्डा** ओलम्पिकमा भाग लिने दुई महिला खेलाडी रहेको जनाएको छ ।

**महिला क्रिकेट**

महिला एशिया कप **T20** क्रिकेट टूर्नामेन्टमा आज श्रीलंकाको दाम्बुलामा भएको म्याचमा थाईल्यान्डले मलेशियालाई 22 रनले पराजित गऱ्यो।
सोही प्रकारले अहिले भर्खरै दाम्बुलामा नै आयोजक श्रीलंका र बांग्लादेशको खेल शुरुभएको छ। प्रतियोगितामा भारतले भोलि दिउँसो युएईसित भिड्नेछ।